नेपाली राजदूतावास
ओटावा, क्यानडा
Embassy of Nepal
Ottawa, Canada

**क्यानडाको British Columbia प्रान्तको Surrey मा कन्सुलर सेवा शिविर सञ्चालन हुने सम्बन्धी अत्यन्त जरुरी सूचना**

नेपाली राजदूतावास, ओटावाले Hindu Buddhist Foundation of Canada, Nepal Cultural Society of British Columbia एवं NRNA Canada को सहयोगमा British Columbia प्रान्तको Surrey शहरमा देहायको स्थान, मिति र समयमा सो क्षेत्रमा बसोबास गर्ने नेपाली समुदायलाई लक्षित गरी घुम्ती शिविरमार्फत् निम्न बमोजिमका कन्सुलर सेवा प्रदान गर्ने कार्यक्रम तय गरेकोले आफूलाई आवश्यक सेवा प्राप्त गर्न राजदूतावास सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ:

**कन्सुलर सेवा शिविर आयोजना हुने स्थान, मिति र समय:**

स्थान: **Hindu Buddhist Foundation of Canada (HBFC)**
**12351 Winram Road**
**Surrey, BC, V3V 2Y4**

मिति: **२२-२३ अप्रिल २०२३ (दुई दिन)**

समय: **बिहान ९ बजेदेखि साँझको ५ बजेसम्म**

**कन्सुलर सेवा शिविरबाट प्रवाह हुने सेवाहरु:**

क) राहदानी नविकरण (Passport renewal)
(अप्रिल २०२४ अगावै राहदानीको बहालअवधि समाप्त हुने सेवाग्राहीहरुले राहदानी नविकरण गर्न सक्ने)

ख) अधिकृत वारेसनामा (Power of Attorney)

ग) कागजात प्रमाणिकरण (Attestation)

**सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने प्रकृया, पेश गर्नुपर्ने कागजात तथा शुल्क**

**क) राहदानी नविकरण (Passport renewal)**

१. आवेदन दिने तरिका

- शुरुमा देहायको कागजातको रंगिन स्क्यान गरी तयार राख्नुहोस:
  - नेपाली नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको पेज
  - नावालकको हकमा नावालक परिचयपत्रको अगाडि र पछाडिको पेज
  - हालको राहदानीको अगाडिको पेज (फोटो र छाप भएको पेज)
  - राहदानीको पछाडिको पेज (निकटतम व्यक्तिको नाम ठेगाना भएको पेज)
- राहदानीका लागि सर्वप्रथम अनलाइन आवेदन फाराम भर्नु पर्नेछ।
  ***(नोट: अनलाईन फाराम भर्नुअघि आफ्नो कम्प्युटर वा ल्यापटप वा मोबाईलको Date and Time Setting मा गई Time Zone "Kathmandu, Nepal" छनौट गर्नुहुन अनुरोध गरिन्छ ।)***
- अनलाइन आवेदन फाराम https://emrtds.nepalpassport.gov.np/ मा गई भर्नु पर्दछ।
- Appointment Country मा Other मा गई Appointment Location मा "NE, Ottawa" छनौट गर्नु पर्नेछ।



408 Queen Street, Ottawa, ON K1R 5A7, Canada Tel. 613 680 5513 Email: nepalembassy@rogers.com

- प्राविधिक कारणले उल्लिखित मितिमा समय उपलब्ध नभएमा April/May महिनामा उपलब्ध कुनै पनि मितिमा appointment मिति र समय छनौट गरी फाराम भर्न सकिनेछ। जुनसुकै मितिको appointment लिई फाराम भरेको भएतापनि शिविरबाट सेवा उपलब्ध गराइनेछ।
- नागरिकता नं. वा नावालक परिचयपत्र नं. उल्लेख गर्नुपर्दा / वा – जस्ता चिन्ह नराखी लगातार अंक मात्र राख्नुपर्नेछ ।
- फाराम भर्दा माथि उल्लेख भएबमोजिम रंगिन स्क्यान गरिएका नागरिकता प्रमाणपत्र वा नावालक परिचयपत्रका दुबै पेज, राहदानीका फोटो र छाप भएको एवं निकटतम व्यक्तिको नाम ठेगाना भएको दुबै पेज अनिवार्य Upload गर्नुपर्नेछ ।
- Appointment Date and Time छनौट गरी सम्पूर्ण विवरण भरिसकेपछि अन्त्यमा बारकोडसहितको PDF फाराम Download गर्नु पर्नेछ। (*डाउनलोड गरिएको फारामको दाँयापट्टि छेउमा र* Bottom *मा बारकोड रहेको देख्न सकिनेछ।*)
- उक्त बारकोडसहितको फारामको Scanned PDF Copy र हालको राहदानी तथा नागरिकता वा नावालक परिचयपत्रको Scanned कपि attach गरी **17 April 2023 अगावै** Verification का लागि दूतावासको इमेल nepal.epp@gmail.com मा पठाउनु पर्नेछ।
  ***(फाराम Verify नगरी निवेदकले भरेको Details/Data Retrieve गर्न नसकिने र सो नभई Biometrics लिन नसकिने भएकोले फारामलाई Verification को लागि अनिवार्य रुपमा दूतावासको इमेलमा पठाउनुपर्नेछ।)***
- डाउनलोड गरिएको बारकोडसहितको PDF फारामको प्रिन्ट प्रति तथा अन्य आवश्यक कागजातसहित Biometrics का लागि आवेदक स्वयम् शिविरमा उपस्थित हुनुपर्नेछ।

**२. राहदानीका लागि शिविरमा आउँदा ल्याउनुपर्ने आवश्यक कागजातहरुः**

- नागरिकताको प्रमाणपत्रको सक्कल वा नोटोराइज्ड प्रतिलिपि
- नाबालकको हकमा नाबालक परियचपत्र तथा बाबु-आमाको नागरिकता तथा राहदानीको प्रमाणपत्र र विवाह दर्ताको प्रमाणपत्र तथा सोको प्रतिलिपि
- हालको राहदानीको सक्कल तथा प्रतिलिपि
- हालको राहदानी हराएकाको हकमा प्रहरी प्रतिवेदन
- अनलाइन फाराम भरेपछि डाउनलोड गरिएको बारकोडसहितको PDF फारामको प्रिन्टेड प्रति
- क्यानडामा कुन status मा रहेको हो, सो व्यहोरा खुल्ने कागजात र सोको प्रतिलिपि

**३. राहदानी आवेदन सम्बन्धी अन्य महत्वपूर्ण जानकारी**

- राहदानी शुल्क क्या.ड. २२० (३४ पाना) वा क्या.ड. २९५ (६६ पाना) लाग्नेछ। हराएको वा बिग्रिएको राहदानीको हकमा दोब्बर दस्तुर अर्थात् क्रमशः क्या.ड. ४४० (३४ पाना) र क्या.ड. ५९० (६६ पाना) लाग्नेछ । तर, १० बर्ष भन्दा मुनिका नाबालकको हकमा नवीकरण शुल्क क्या.ड. ११० (३४ पाना) वा क्या.ड. १५० (६६ पाना) लाग्नेछ । हराएको वा बिग्रिएको हकमा क्रमशः क्या.ड. २२० (३४ पाना) वा २९५ (६६ पाना) लाग्नेछ ।
- राहदानी शुल्क बापतको रकम डेबिट कार्डबाट भुक्तानी गर्न सकिने अथवा Embassy of Nepal, Ottawa को नामको Money Order वा Bank Draft पेश गर्न सकिने। नगद स्वीकार्य नहुने ।
- Live enrolment गरिने भएकोले राहदानीका लागि फोटो ल्याउनु नपर्ने।
- Biometrics को काम सकिएपश्चात् घुम्ती टोलीले उपलब्ध गराउने कागजात तथा tracking number सहितको prepaid self-addressed express return envelope (**national**) (*राहदानी विभागबाट प्रिन्ट*

*भएर आएपश्चात् आवेदकलाई राहदानी पठाउनका लागि* यथाशीघ्र Post/Courier service बाट नेपाली राजदूतावास, ओटावाको ठेगानामा पठाउनु पर्नेछ ।

**ख) अधिकृत वारेसनामा (Power of Attorney)**

**शिविरमा लिइआउनुपर्ने कागजात**

- सम्बन्धित आवेदक वा कानून व्यवसायीले नेपाली कागजमा तयार गरेको लिखत
- सम्बन्धित आवेदक वा कानून व्यवसायीले नेपाली राजदूतलाई सम्बोधन गर्दै लेखेको निवेदन
- अधिकृत वारेसनामा दिनेको नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि
- अधिकृत वारेसनामा दिनेको नेपाली राहदानीको सक्कल र सोको प्रतिलिपि
- अधिकृत वारेसनामा लिनेको नागरिकताको प्रमाणित प्रतिलिपि
- लिने दिने दुबैको हालसालै खिचिएको दुई/दुई प्रति फोटो
- क्यानडामा कुन status मा रहेको हो, सो व्यहोरा खुल्ने कागजात र सोको प्रतिलिपि
- जुन प्रयोजनका लागि अधिकृत वारेसनामा दिने हो सो सम्बन्धी सक्कल वा प्रमाणित कागजात, जस्तै- जग्गा बेचबिखनको हकमा लालपुर्जाको सक्कल वा सोको प्रतिलिपि, कर तिरेको रसिद वा सोको प्रमाणित प्रतिलिपि, सम्बन्ध विच्छेदका लागि विवाह दर्ताको सक्कल वा सोको प्रमाणित प्रतिलिपि
- राजदूतावासबाट प्रणालीमा दर्ता गरी सम्बन्धित आवेदकलाई सक्कल अधिकृत वारेसनामा पठाउनका लागि tracking number सहितको prepaid self-addressed express return envelope (**national**) लिई आउनुपर्ने ।

**अन्य जानकारी**

- अधिकृत वारेसनामा शुल्क क्या.ड. २७० लाग्नेछ । शुल्क बापतको रकम डेबिट कार्डबाट भुक्तानी गर्न सकिने अथवा Embassy of Nepal, Ottawa को नामको Money Order वा Bank Draft पेश गर्न सकिने। नगद स्वीकार्य नहुने ।
- अधिकृत वारेसनामा दिने व्यक्ति स्वयं उपस्थित हुनुपर्ने ।

**ग) कागजात प्रमाणिकरण (Attestation)**

नेपालका सम्बद्ध निकायहरूबाट जारी भएका तथा नेपाल सरकार, परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभागबाट प्रमाणित गरिएका शैक्षिक प्रमाणपत्र, नाता प्रमाणपत्र, विवाह दर्ता प्रमाणपत्र, जन्म दर्ता, मृत्यु दर्ता जस्ता कागजात प्रमाणिकरणका लागि शिविरमा लिई आउन सकिने छ ।

**पेश गर्नुपर्ने कागजात तथा अन्य जानकारी**

- तोकिएको ढाँचाको निवेदन। निवेदन फाराम शिविरमानै उपलव्ध हुनेछ ।
- प्रमाणिकरण गर्नुपर्ने कागजातको सक्कल र फोटोकपि ल्याउनु पर्नेछ ।
- प्रमाणिकरण शुल्क प्रति कागजात क्या.ड. ७० लाग्नेछ । शुल्क बापतको रकम डेबिट कार्डबाट भुक्तानी गर्न सकिने अथवा Embassy of Nepal, Ottawa को नामको Money Order वा Bank Draft पेश गर्न सकिने। नगद स्वीकार्य नहुने ।

माथि उल्लिखित बाहेक थप जानकारी आवश्यक भएमा राजदूतावासका तृतीय सचिव श्री सन्तोष कुमार अधिकारी (Tel: 613 314 7089 वा 613 680 5513 वा Email: nepalembassy@rogers.com) लाई सम्पर्क गर्नुहुन अनुरोध छ ।

**नेपाली राजदूतावास**
**ओटावा**
**०३ अप्रिल २०२३**